

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार १६ गते शनिबार ❑ 1 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## संघीयता कार्यान्वयनको कामलाई व्यवस्थित गरौँः प्रधानमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीयता कार्यान्वयनको जिम्मेवारीलाई तीव्रता र व्यवस्थित रूपमा अगाडि बढाउन सातै प्रदेशका मुख्यमन्त्रीहरूलाई निर्देशन दिनुभएको छ।

शुक्रबार पोखरामा आयोजित अन्तर प्रदेश मुख्यमन्त्री बैठकको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्रीले उक्त निर्देशन दिनुभएको हो। बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भन्नुभयो, "सर्वप्रथम यस सुन्दर नगरी पोखरामा अन्तर प्रदेश मुख्यमन्त्री बैठक आयोजना गर्नुभएकोमा म गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री तथा गण्डकी प्रदेश मन्त्रिपरिषद्लाई हार्दिक धन्यवाद दिँदै बैठकको पूर्ण सफलताको कामना गर्दछु। नेपालको संविधान जारी भएपछि दोस्रो पटक आयोजना भएको यो बैठकले देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ गर्न र प्रदेश प्रदेशबीचको सम्बन्धलाई सबल बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्ने मेरो विश्वास छ।"

"अढाइ शताब्दी लामो एकात्मक राज्यप्रणालीमा अभ्यस्त हाम्रा लागि संघीय शासन प्रणाली नितान्त नौलो अभ्यास थियो। संविधानले व्यवस्था गरेअनुरूप सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित संघीय शासन प्रणालीको सुसञ्चालन हाम्रा लागि चुनौतीपूर्ण नै थियो। तर, तीनै तहमा चुनिएर आउनुभएका जनप्रतिनिधिहरू सीमित स्रोतसाधनको सुझबुझपूर्ण ढङ्गले परिचालन गर्दै विकास निर्माणका कामलाई अघि बढाउँदै जनताका आकाक्षा पूरा गर्न क्रियाशील रहनुभएकाले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था संस्थागत हुँदै गएको छ। यस कार्यमा प्रदेश सरकारको नेतृत्व सम्हाल्नुहुने सबै माननीय मुख्यमन्त्रीज्यूहरूले खेल्नुभएको महत्वपूर्ण भूमिकाको प्रशंसा गर्दछु।" प्रधानमन्त्रीले भन्नुभयो। प्रधानमन्त्रीले भन्नुभयो,




"संविधान जारी भएको झण्डै सात वर्षको अवधिमा हामीले उत्साहजनक उपलब्धि हासिल गरेका छौं। तीनै तहको दोस्रो कार्यकालको निर्वाचन सम्पन्न भएको छ। सातै प्रदेशको प्रादेशिक राजधानी र नामाकरण भएको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण व्यवस्थित हुँदै गएको छ। कर्मचारी समायोजनको काम सम्पन्न भएको छ। संघीयता कार्यान्वयन सम्बन्धी करिब ८० वटा ऐनहरू निर्माण तथा १६५ वटा कानूनहरू संशोधन भएका छन् भने केही महत्वपूर्ण ऐनहरू तर्जुमाका चरणमा छन्। तीन तहका सरकारबीच कार्यात्मक समन्वयका लागि संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ कार्यान्वयनमा रहेको छ। सोही ऐनबमोजिम समन्वयका संरचनाहरू क्रियाशील भएका छन्। यही ऐनमा व्यवस्था भएको राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक भोलि गण्डकी प्रदेशको राजधानी पोखरामै आयोजना हुँदैछ।" उहाँले प्रधानमन्त्रीकै तहबाट प्रदेश मुख्यमन्त्रीहरूसँग समयसमयमा छलफल र अन्तरक्रिया हुँदै आएको र प्रदेश मुख्यमन्त्रीहरूसमेतको सहभागितामा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक गर्ने पद्धतिको विकास गरिएकोसमेत सो अवसरमा जानकारी दिनुभयो।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संघीय कानून निर्माण नभएका कारण संविधानतः प्राप्त एकल अधिकारका विषयहरु कार्यान्वयनमा समस्या भएको गुनासो गर्नु भएको छ।

शुक्रबार देखि पोखरामा सुरु भएको अन्तर प्रदेश मुख्यमन्त्री बैठकको उद्घाटन समारोहमा स्वागत मन्तव्य राख्दै मुख्यमन्त्री पाण्डेले उक्त गुनासो गर्नु भएको हो। उक्त बैठकको अध्यक्षता गर्नु भएको मुख्यमन्त्री पाण्डेले प्रहरी समायोजन नभएकाले प्रदेशमा शान्ति सुरक्षा कायम राख्न, विपद व्यवस्थापनमा सुरक्षाकर्मी परिचालन गर्न तथा सुरक्षा निकायसँग समन्वय गर्न कठिनाई भएको बताउनु भएको हो। जग्गा प्राप्तीको समेत समस्या भएको बताउदै उहाँले कर्मचारी सरुवामा समन्वय नहुँदा आएका जटिलता लगायत विषयमा छलफल भई समाधानका उपायहरु पहिल्या संघ र प्रदेश सरकार बीचको सहकार्यलाई समन्वयकारी बनाउनु पर्नेमा जोड दिनु भयो।

प्रदेश कानुनहरूमा एकरुपता कायम गर्दै अन्तर प्रदेश कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गर्ने विषयमा सहकार्य जरुरी रहेको मुख्यमन्त्री पाण्डेले दाबी गर्नु भयो। उहाँले भन्नु भयो "प्राप्त उपलब्धीको रक्षा गर्दै आत्मनिर्भर, समुन्नत प्रदेश तथा सम्मानीत प्रदेशवासी बनाउन हाम्रा अगाडी देखिएका जटिलतालाई सहजीकरण गर्ने उद्देश्यले अन्तर प्रदेश मुख्यमन्त्रीको बैठक आयोजना गरिएको हो।"

अन्तर प्रदेश मुख्यमन्त्री बैठक मार्फत सातै प्रदेश विच अनुभव आदान प्रदान गर्ने, सवल पक्षलाई थप मजबुत बनाउदै संस्थागत गर्न र दुर्बल पक्षहरुलाई न्यूनिकरण गर्दै प्रदेश थप प्रभावकारी बनाउने उद्देश्य राखिएको मुख्यमन्त्री पाण्डेले बताउनु भयो। राज्यसत्ताको अधिकारको प्रयोग राज्यका बहु सरकारहरू बीच विनियोजन गरी शासकीय क्रियाकलापमा बढी भन्दा बढी जनतालाई संलग्न गराउने राजनीतिक प्रक्रिया संघीयताको मूल आदर्श भएको उहाँको भनाई थियो। नेपालको संविधानको अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रकारहरुबीचको उच्चतम समन्वय, सहकार्य र अन्तरसम्बन्धले मात्रै आफुहरुले अपेक्षा गरेको समृद्धि हासिल गर्न सकिने मुख्यमन्त्री पाण्डेले विश्वास व्यक्त गर्नु भयो। अन्तर सम्बन्धले शुसासन, विकास र समृद्धि प्राप्तिमा तीनै तहका सरकारहरुको साझा प्रयास परिचालनको उहाँले माग समेत गर्नु भयो। प्रदेशको औचित्यबारे साझा धारणा निर्माण गर्न यो बैठक सफल हुने मुख्यमन्त्री पाण्डेले विश्वास व्यक्त गर्नु भयो। मग्रमा राजनीतिक, कानूनी, प्रशासनिक र वित्तीय संघीयतालाई प्रभावकारी बनाउने तर्फ हाम्रो ध्यान आकृष्ट हुन जरुरी रहेको उहाँको भनाई थियो। संघीय सरकारले समन्वयका लागि नेतृत्व सहित मार्गदशन गर्नुपर्ने सबै प्रदेश सरकारहरु हातेमालो गर्नको लागी तयार हुनु पर्ने मुख्यमन्त्री पाण्डेले बताउनु भयो।

शनिबारसम्म पोखरामा चल्ने उक्त बैठकको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन गर्नु भएको हो। मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव, बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्ली बहादुर चौधरी, कणाली प्रदेशका मुख्यमन्त्री राज कुमार शर्मा र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाह उक्त बैठकमा सहभागि हुनु भएको गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बताउनु भयो।



रोपाई महोत्सवमा सहभागीः पोखरा पर्यटन परिषद्को आयोजनामा पोखरा महानगरपालिका-१३ स्थित कसेरी फाँटमा भएको २०औं असारे रोपाई महोत्सव अवलोकनका लागि पुगेका दर्शकहरु। तस्बिर : रासस

## पोखरामा प्याराग्लाइडिङ शुल्क बढ्यो

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार

कास्कीको पोखरामा प्याराग्लाइडिङ उडानको शुल्क बढाइएको छ। नेपाल हवाई खेलकुद संस्थाले प्याराग्लाइडिङ उडानको दररेट वृद्धि गरेको हो।

हालसम्म प्रतिउडान रु आठ हजार पाँच सय शुल्क तिर्दैआएकामा अबदेखि रु १२ हजार तिर्नुपर्ने भएको छ। नेपाल हवाई खेलकुद संस्थाका अध्यक्ष सुनिल भट्टराईले उक्त शुल्कमा बिमारकम र पाइलटको खर्चसमाहित गरिएको छ। पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनपछि आफूहरूको खर्च बढेको र समयअनुसार रकम बढाएको उहाँ बताउनुहुन्छ। पहिला तोरीपानी र सराङकोटबाट हुने गरेको प्याराग्लाइडिङ अहिले सरेर मान्द्रेढुङ्गा पुगेको छ। यही कारणले खर्च बढेको भट्टराईले बताउनुभयो। अहिले बढाएको रकमबाट प्याराग्लाइडिङ पाइलटले प्रतिउडानको रु छ हजार हाराहारीमा प्राप्त गर्ने नाका पूर्वउपाध्यक्ष सोभित बानियाँले बताउनुभयो। उहाँले भन्नुभयो, "पहिला रु तीन हजार नौ सय पाउँथे।" नेपाल हवाई खेलकुद संस्थामा ६० प्याराग्लाइडिङ कम्पनी आबद्ध छन्।

तीमध्ये ५२ चालु अवस्थामा रहेको अध्यक्ष भट्टराईले जानकारी दिनुभयो। सबै कम्पनीमा गरी तीन सय ७५ लाइसेन्सप्राप्त प्याराग्लाइडिङ पाइलट छन्। हाल दुई सय ५० पाइलट सेवामा रहेको उहाँले बताउनुभयो।

## गण्डकीमा १८ प्रतिशत रोपाइँ

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार

असार दोस्रो सातासम्ममा गण्डकी प्रदेशमा १८ प्रतिशत क्षेत्रफलमा मात्रै रोपाइँ भएको छ।

प्रदेशको कृषि विकास निर्देशनालयका अनुसार १७ हजार एक सय ७४ हेक्टरमा रोपाइँ भएको हो। हिमालपारिका जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धान खेती हुँदै आएको छ। असार १५ सम्ममा सबैभन्दा बढी कास्कीमा ३० प्रतिशत र सबैभन्दा कम नवलपुरमा १० प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको निर्देशनालयका कृषि प्रसार अधिकृत दीपा तिमिल्सिनाले जानकारी दिनुभयो। उहाँका अनुसार लमजुङमा २७, तनहुँमा २०, बागलुङमा २०, पर्वतमा १४, गोरखामा १२, स्याङ्जामा १२ र म्याग्दीमा १२ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको छ। प्रदेशको कूल चार लाख ७९ हजार छ सय १७ खेतीयोग्य जमिनमध्ये यस वर्ष ९७ हजार आठ सय ९१ हेक्टरमा वर्षे धान लगाइने अनुमान निर्देशनालयको छ। गत वर्ष एक लाख चार हजार छ सय २३ हेक्टरमा वर्षे धान खेती गरिएको थियो। निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले धान


बाँकी अन्तिम पृष्ठमा ▶▶


## प्रधानमन्त्री प्रचण्डसँग पोउवा संघका प्रतिनिधिमण्डलको भेटघाट

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पोखरा अन्तर ाष्ट्रिय विमानस्थलबाट अन्तर ाष्ट्रिय उडानको लागि विशेष पहल गर्ने बताउनुभएको छ। पोखरा उद्योग वाणिज्य सङ्घका प्रतिनिधिमण्डलसँग आज भएको भेटमा उहाँले आँफू छिट्टै चीन भ्रमणमा जाने र त्यहाँका उच्चअधिकारीलाई पोखरा एयरपोर्टबाट अन्तर्राष्ट्रिय उडानबारे 'ब्रेक थ्रु' नै हुनेवाला रहेको बताउनुभयो।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तराष्ट्रिय उडानबारे भारतसँग पनि कुरा भएको र कोरला नाका सञ्चालनबारे सहमति जुटिसकेको र अब नेपाली भूमिमा पनि भौतिक



निर्माणलगायतका काम हुने उहाँले जानकारी दिनुभयो। भेटघाटमा नेपाल उद्योग वाणिज्य महासङ्घ तथा पोखरा उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले सुस्ताएको बजारलाई माथि उकास्न विशेषखालका कार्यक्रम ल्याउन प्रधानमन्त्रीसमक्ष आग्रह गर्नुभयो।

बजारमा भारतीय रुपैयाँको विनिमय दर घटेको बताउँदै उहाँले यो समस्या लामो समय रहे मुद्रास्फिति अझ बढ्नसक्नेबारे प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको दीगो सञ्चालनको लागि नेपालको पूर्वतिर भएका हवाइ रुट प्रयोगमा ल्याउनुपर्ने र श्रीलङ्का एवं भारतका विभिन्न सहरमा उडान थाल्नुपर्नेमा उहाँले जोड दिनुभयो। प्रधानमन्त्री दाहाललाई ध्यानाकर्षणपत्र बुझाउँदै पोखरा उद्योग वाणिज्य सङ्घका कार्यवाहक अध्यक्ष गोकर्ण कार्कीले एयरपोर्टबाट अन्तर्राष्ट्रिय उडान, उत्तरगङ्गा जलविद्युत् परियोजना निर्माण, प्रशारण लाइनको उचित व्यवस्थापनलगायतका माग गर्नुभयो। मित्रराष्ट्र चीनको राजकीय भ्रमणको क्रममा एयरपोर्टको विषयलाई प्राथमिकतामा राख्न आग्रह गर्दै उहाँले उद्योगी व्यवसायीको मनोबल उकास्ने खालका कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो। पृथ्वी राजमार्गको स्तरोन्नतिको गति बढाउने, कोरला-त्रिवेणी राजमार्ग निर्माणमा आएका अवरोध हटाउन र मध्यपहाडी राजमार्ग निर्माणलाई गति दिन पनि उहाँले माग गर्नुभयो। हरेक प्रदेशमा सो क्षेत्रका मौलिक उत्पादनको प्रवर्द्धनको लागि कोसेली घर निर्माण हुनुपर्ने धारणा राख्दै उहाँले पोखरा उद्योग वाणिज्य सङ्घले कोसेली घर निर्माणको सोच बनाएको जानकारी दिनुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# राष्ट्रिय माविका विद्यार्थीलाई न्यायिक प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार

वडा तहमा हुने विवाद निरुपणका लागि नेपालको संविधानले स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरेको छ।

समाजमा हुने विवाद ठुलो बन्ने र त्यसले समाजमा नकारात्मकता सृजना गर्ने भएकाले विवादलाई स्थानीय स्तरमै समाधान गरेर शान्ति र सद्भाव कायम गर्ने उदेश्यले न्यायिक समितिको अवधारणा संवीधानवाटै ल्याइएको हो । नेपालमा रहेका ७५३ स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समितिहरु रहेका छन् । समितिहरुले गर्ने न्यायिक सम्पादनवारे खासै प्रचार नहुदा प्रभावकारी बन्न सकीरहेको छैन । न्यायिक निरुपण सहज र सर्वसाधारणको समेत सहज पहुँचमा पुऱ्याउने संवैधानिक व्यवस्था भए अनुसार अहिले न्यायिक समितिले पालिकामा काम गरिरहेका छन् । न्यायिक समितिको काम, कर्तव्य र यसको व्यवहारिक पाटोबारे विद्यालय तहदेखि नै यसको बारेमा जानकारी दिने उद्देश्यले पोखरा महानगर न्यायिक समितिले अहिले महानगर भित्रका विद्यालयहरु र ज्येष्ठ नागरिकसंग न्यायिक कार्यक्रम अभियानकै रुपमा सञ्चालन गरेको छ।

सोहि कार्यक्रम अन्तर्गत पोखरा महानगरपालिका वडा नम्बर १ मा रहेको राष्ट्रिय माविमा 'विद्यार्थीसँग न्यायिक समिति, प्रशिक्षण तथा अर्न्तक्रिया' कार्यक्रम सम्पन्न गरेको छ।



पोखरा महानगर उपप्रमुख एवं न्यायिक समिति संयोजक मञ्जुदेवी गुरुङले कानूनले व्यवहारलाई नियमबद्ध पार्न सघाउने हुनाले कानून सबैले जान्नुपर्ने विषय रहेको बताइन्न। 'सद्भावपूर्ण समाजको निर्माणाका लागि समिति प्रभावकारी रहेको र यसले शान्ति, सद्भाव फैलिन्छ,' उनले भनिन् 'विद्यार्थीहरुका माध्यमबाट न्यायिक समितिलाई जनस्तर सम्म पुऱ्याउन सहज हुन्छ । गुरुङले कसैलाई पनि अन्याय हुन नहुने बताउदै न्यायमा सबैको समान पहुँचका लागि पनि स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरिएको उनको भनाइ थियो। तर, न्यायमा सबैको समान पहुँच पुग्नुपर्ने भए पनि कानून निर्मम हुने उनको भनाई थियो।

कानूनबाट कोही पनि उम्किन नपाउने भएकाले सबैले कानूनबारे जानकार हुनुपर्ने बताउदै विद्यार्थीले अन्य विषयको ज्ञानसँगै कानूनको ज्ञान पनि लिन जरुरी रहेको बताइन्। कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर १ का वडाध्यक्ष साहारा प्रधानले न्यायिक समितिले विद्यालयस्तरदेखि नै कानूनी चेतना फैलाउने अभियान थालेको भन्दै खुसी व्यक्त गरे । विद्यालयस्तरदेखि नै कानूनी ज्ञान भए विद्यार्थीहरुलाई व्यवहारिक हुन सहज हुने धारणा ब्यक्त गरे । । प्रेस क्लब गण्डकीका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामविक्रम राणा र प्रेस क्लब गण्डकीका सचिव गौरब त्रिपाठी र कोषाध्यक्ष राजु गिरीले बोलेका थिए। कार्यक्रममा न्यायिक समिति सदस्य कालिदास पोखरेलले न्यायिक समितिको गठन प्रकिया, समितिका अभिलेख संरक्षक राममणी अधिकारी र मेलमिलाप संयोजक सोम लम्सालले संवैधानिक व्यवस्था र अधिकार क्षेत्र बारे प्रशिक्षण गराएका थिए।

# कर्मचारीले सकारात्मक सोच्नु पर्छ : कार्की

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार

नेपाल खानेपानी संस्थान पोखरा शाखाका कार्यालय प्रमुख ई. आशिष कार्कीले कार्यरत कर्मचारीलाई अनुशासित र सकारात्मक हुन आग्रह गरेका छन्। नेपाल खानेपानी संस्थान कर्मचारी संघ इकाई समिति पोखराद्वारा आयोजित क्षमता अभिबृद्धि तथा नेतृत्व विकास तालिम समापनका अवसरमा प्रमुख अतिथि कार्कीले सकारात्मक सोच राखेर गरिने योजनामात्र सफल हुने बताए।

इकाई समितिका अध्यक्ष अनिल शर्मा सुवेदीको अध्यक्षतामा भएको धान दिवस तथा असारे १५ का दहि चिउरा खाने दिनको अवसरमा नेपाल खानेपानी संस्थान सञ्चालक समितिका सदस्य नारायणी जिसीले कृषि क्षेत्रमा हरेक वर्ष नयाँ नारा दिए पनि कार्यान्वयन नहुने गरेको धारणा व्यक्त गरिन्। कार्यक्रममा नेपाल ट्रेड युनियन कांग्रेसकी नेतृ एवं नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधि कुलदेवी बरालले कार्यक्षत्र नै खेत भएको टिप्पणी गदर्लै श्रमिकका मुद्धामा सवै एक भएर लाग्नु पर्ने बताईन् । खानेपानीमा कार्यरत कर्मचारीको समस्या समाधान गर्न आफू चनाखो भएर लाग्ने उल्लेख गरिन् । कार्यक्रममा नेपाल खानेपानी संस्थान कर्मचारी संघका केन्द्रीय अध्यक्ष केदार धमलाले व्ययवस्थानसँग भएको २७ बुँदे सम्झौता कार्यान्वयनको माग गर्दै विनियमावली प्राप्तिमा ढिलाई हुनु व्यवस्थानको सुस्तता भएको बताए। अध्यक्ष धमलाले 'संस्थान खारेज गर्ने की ?, अव्बल र सक्षम कार्यालय निर्माण गर्ने भन्ने कुरा कार्यरत आम कर्मचारी नै भएको बताए । तहगत समस्या देखाएर विनियमावली ल्याउन नसक्नु सिंगो सञ्चालक समिति र व्यवस्थापन दोषी भएको टिप्पणी गरे । कार्यक्रममा नेपाल सार्वजनिक सेवा कर्मचारी संघ कास्की अध्यक्ष प्रमिला सुवेदी, नेपाल खानेपानी संस्थान हेम्जा शाखाका प्रमुख ई. सन्तोषकुमार दास, नेपाल खानेपानी संस्थान कर्मचारी संगठनका महासचिव वसन्तराज भण्डारी, कर्मचारी संघ इकाई समितिका उपाध्यक्ष रेखा केसी, सचिव दिपेन्द्र बानियाँ, कोषाध्यक्ष सिमाना केसी र सदस्य विक्रम बरुवाल लगायतले बोलेका थिए।

कार्यक्रममा अवकास भएका कर्मचारी मुकुन्दनाथ विडारीलाई विदाई गरिएको पोखरा शाखाका प्रशासन प्रमुख आनन्दप्रसाद रेग्मीले जानकारी दिए। कर्मचारी संघद्वारा आयोजित ५ दिने तालिमले कर्मचारीलाई उर्जा थपेको पोखरा शाखाका लेखा प्रमुख पुष्पराज जोशीले जानकारी दिए । सहभागीलाई प्रशिक्षक सञ्चारकर्मी दिपेन्द्र श्रेष्ठ, प्रशिक्षक सुनिल मर्सानी, भानु पराजुली र नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले सहजीकरण गरेको संघका सहसचिव विमल तिम्सिनाले जानकारी दिए । तालिममा पोखरा तथा हेम्जा शाखाबाट २३ जना कर्मचारीले भाग लिएका थिए।



राष्ट्रिय धान दिवस तथा असार १५ को अवसरमा पोखरा-१४ चाउथे स्थित ज्ञान गंगा स्कुलले विद्यार्थीहरुलाई व्यवहारिक ज्ञान दिलाउने उद्देश्यले खेतमै लगेर रोपाई गरेको छ। खेत रोपाईमा विद्यालयका प्राचार्य शिला थापा लगायत अन्य शिक्षकशिक्षिकाको पनि सहभागिता रहेको थियो। तस्विरः पोखरापत्र

# लेखनाथ उद्योग वाणिज्य संघ र व्यवसायीहरु विच अर्न्तक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार

लेखनाथ उद्योग वाणिज्य संघले यहि असार ६ गते देखि १४ गते सम्म आफ्नो २७ औ स्थापना दिवस तथा २६ औ वार्षिक उत्सवको अवसर पारेर बजारका विभिन्न व्यवसायी र बजार ब्यवस्थापन समितिसँगको छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

व्यवसायीका समस्या तथा गुनासाहरुमा कार्यक्रम गर्दै ब्यवसायिका साझा समस्यालाई नितीगत रुपमा नै समाधान देखि सम्वन्धित निकायमा ध्यानाकर्षण गराउने र भावी योजना तथा कार्यक्रम तय गर्ने उद्देश्यले टोल टोलमा गई सुझाव संकलन तथा अन्तरक्रिया अभियान संचालन गरिएको हो । संघद्धारा गठित बजार ब्यवस्थापन समितिको अग्रसरमा मुख्य मुख्य बजार केन्द्रमा पुगी ब्यवसायिसँग अन्तरक्रिया गर्दै त्यहाँ देखिएका समस्यलाई लिपिबद्ध गर्ने नितीगत रुपमा के गर्न सकिन्छ भन्ने बारेमा लेखनाथ उद्योग बाणिज्य संघ ब्यवसायिको घरदैलोमा पुगेको हो। वजार व्यवस्थापन अध्यक्षको अध्यक्षतामा असार ६ गते पावरहाउस वजार व्यवस्थापन र वुढिवजार वजार व्यवस्थापन, ७ गते अर्घौ वजार व्यवस्थापन, ८ गते तालचोक वजार व्यवस्थापन, १० गते वेगनासताल वजार व्यवस्थापन, ११ गते राजचौतारा वजार व्यवस्थापन र रुपाताल वजार व्यवस्थापन, १२ गते तल्लो गगनगौडा वजार व्यवस्थापन र कालिकास्थान वजार व्यवस्थापन र १४ गते शिशुवा वजार व्यवस्थापन समितिमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो। उक्त कार्यक्रममा उद्यमी तथा व्यवसायीहरुले अप्रत्याशित रुपमा वढेको घरभाडाले गर्दा अहिलेको मन्दीको समयमा समस्या परेको, पोके व्यवसायी र दर्ता नभई संचालन भएकाहरुको कारण आफुहरु मर्कामा परेको, वैक तथा वित्तिय संस्थाहरुले धरपकड गर्ने गरेका जस्ता समस्याहरु राखेका थिए । संघको तर्फवाट अध्यक्ष छत्रधर आत्रेय, वरिष्ठ उपाध्यक्ष विनोद श्रेष्ठ, प्रथम उपाध्यक्ष एवम् वजार व्यवस्थापन समितिका संयोजक राजेन्द्र ओझा, द्बितिय उपाध्यक्ष गोपिचन्द्र वास्तोला, उपमहासचिव जानुका पराजुलि अधिकारी, कोषाध्यक्ष भरतराज ओझा, पूर्व अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठी लगायत पुर्वअध्यक्ष र सल्लाहकारहरुले उठेका जिज्ञासाहरुलाई सम्वोधन गर्नुभएको थियो। सम्पुर्ण कार्यक्रम लेखनाथ उद्योग वाणिज्य संघका महासचिव उपेन्द्रराज सुवेदी (राजु) ले संचालन गर्नुभएको थियो।

संघले स्थापना दिवसकै कर्यक्रम अर्न्तगत यहि असार १६ शनिवार विहान संघका सदस्यहरु विच सम्वन्ध प्रगाढ वनाउने उद्देश्य सहित महिला तथा पुरुष दौड प्रतियोगिता समेत आयोजना गर्दैछ।

# सितलादेवीमा रेडक्रसको उत्प्रेरणा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार

विश्व रक्तदान दिवसको सन्र्दभमा नेपाल रेडक्रस सोसाइटी पोखरा-१२ शाखाको आयोजनामा रक्तदाता उत्प्रेरणा कार्यक्रम शुक्रवार सम्पन्न भयो । सितलादेवी सामुदायिक मावि कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुको सहभागिता रहेको थियो।

विद्यालयको व्यवस्थापनमा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी जिल्ला सदस्य रमेश भण्डारीले रोडक्रसको गतिविधी र रेडक्रस उत्पतीको वारेमा प्रकाश पारेका थिए । गण्डकी प्रदेशीक रक्त सञ्चार सेवाका कार्यालय प्रमुख अर्जुन ज्ञवालीले रक्तदान कसरी गरिन्छ र क कसले दिन सकिन्छ



भन्ने वारे जानकारी दिए। नेपाल रेडक्रस सोसाइटी उप-शाखा १२ का सभपाति कुष्मराज आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा शाखाका उपसभापति इन्दीरा पन्त आचार्यले सात सिद्धान्त वाचन गरेकी थिईन्।

कार्यक्रममा वडा नं १२ का वडा सदस्य शान्ति कोइराला, विद्यालयका प्रधानाध्यापक एवं जुनिएर सर्कल संरक्षक बाबुराम अधिकारी लगायत वोलेको कार्यक्रममा उप शाखाका सचिव गोविन्द प्रसाद घिमिरेले संचालन गरेका थिए। कार्यक्रममा कक्षा १२ मा अध्ययनरत ४८ जना विद्यार्थीहरुको सहभागीता रहेको थियो।

# गण्डकीमा...

खेतीका लागि जिल्लामा पकेट क्षेत्र तोकिएका बताउनुभयो । उहाँका अनुसार गोरखाको छेवेटार, पालुङटार, आरुघोटा सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाडीखोला, पामे, लेखनाथ, पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैँडाकोटलगायत क्षेत्र धानका प्रमुख पकेट क्षेत्र हुन्। गण्डकी प्रदेशका किसानले सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहैँले, गौरिया, मनसुली, सुनौलो सुगन्धलगायत जातका धानको खेती गर्दै आएका छन् । केही दिनयता मनसुन सक्रिय भएसँगै किसान रोपाइँको चटारोमा रहेका भन्दै अधिकांश क्षेत्रको रोपाइँ असारभित्रै सकिने प्रमुख रेग्मीले बताउनुभयो । उहाँका अनुसार बाह्रैमास सिँचाइ सुविधा भएका, खोला आसपासका र दुई बाली फल्ने खेतमा रोपाइँ छिटो सुरु हुन्छ । "अहिले दैनिकजसो वर्षात् भइरहेकाले अब रोपाइँ सहज हुन्छ, बिउ लाउने बेला भने मौसम सुख्खा भएपछि किसानलाई केही मर्का पऱ्यो", निर्देशनालयका प्रमुख रेग्मीले भन्नुभयो । निर्देशनालयको तथ्याङ्कअनुसार गण्डकी प्रदेशमा धान खेतीको क्षेत्रफल बर्सेनि घट्दै गएको देखिन्छ । 'प्लटिङ', तीव्र बजारीकरण, ठूल्ठूला भौतिक निर्माण आदिका कारण खेतीयोग्य जग्गा खुम्चँदै गएको उहाँको भनाइ थियो। जग्गा बाँझिनेक्रम पनि बढ्दै गएको निर्देशनालयका प्रमुख रेग्मीले बताउनुभयो।

धान कम फल्नुमा क्षेत्रफल घट्नु मुख्य कारण भए पनि अन्य कुराले पनि उत्पादनमा प्रभाव पार्ने गरेको उहाँले बताउनुभयो।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# शिक्षकले अपनाएको शिक्षण विधिमा विद्यार्थीको भविष्य

**बाबुराम पौडेल**

सामान्य अर्थमा शिक्षणविधि पठनपाठनमा अवलम्वन गर्न सकिने विभिन्न कलाहरुको संमिश्रण हो । शिक्षण र विधि मिलेर बनको यो शब्दको अर्थ पढाई र तरिका हुन आउँछ। तर फराकिलो अर्थमा शिक्षाको गुणस्तर उकासी व्यक्तिको जीवनस्तरमा इटा थपि उसको सामाजिक, आर्थिक, सास्कृतिक तथा हरेक पक्षमा सकरात्मक परिवर्तन ल्याउनका लागि प्रयोग हुने एक हतियार हो ।

नेपालको परिपेक्षमा हेर्ने हो भने २०७८ सालको जनगणनामा साक्षरता दर बढेपनि व्यक्तिमा देखिनुपर्ने सकरात्मक परिवर्तन आएको देखिदैन। यि सबै नेपालमा भएका शैक्षिक संस्थाहरुको शैक्षिक कार्यक्रममा अवलम्बन गरिएको शिक्षण विधिमा आएको फितलोपनलाई प्रमुख कारणको रुपमा लिन सकिन्छ। दक्ष जनशक्तिको अभाव, राजनैतिक नियुति, भौगोलिक विकटताका कारण हाम्रो देश नेपालमा शैक्षिक गुणस्तरमा ह्रास आएको छ। शैक्षिक सामाग्रीको सही प्रयोग गर्न नसक्दा पनि विद्यार्थीको कुनैपनि सुधार आएको देखिदैन । यसरी विद्यार्थीलाई परीक्षामा उतीर्ण गराउनका लागि शिक्षकले शिक्षा प्रदान गर्छ भने त्यस्तो ज्ञानले कुनै पनि औचित्य राख्दैन । शिक्षण विधिको चरणहरुलाई माध्यम बनाइ विद्यार्थीमा हरेक सिपको विकास गरी उसको जीवनमा आमुल परिवर्तन ल्याउन सक्नुनै शिक्षा हो ।

शिक्षण विधिलाई एक शिक्षकले हतियार को रुपमा लिन सक्छ । यसका कारण विद्यार्थीमा विकास भएका सिपका कारण उसले भविष्यमा आर्थिक, सामाजिक, सांस्कृतिक विकास गर्न सक्छ। तर नेपालमा अझैपनि पुरातन सोच भएका शिक्षकहरु रहेका पाइन्छ। उनीहरुले आफ्नो सोचलाई समय अनुकुल परिवर्तन गर्न सक्दैनन् । अर्को कुरा के छ भने बिद्यार्थीसँग नजिक रहन का लागि शिक्षकले कलिला दिमाखहरुमा भावानात्मक ब्ल्याकमेल गर्दछ । यसो गर्दा बच्चाले कुनै पनि राम्रो कुरा शिक्षकबाट ग्रहण गर्दैन। कक्षाकोठामा गएपछि कुर्सीमा बसि सैदान्तिक विधिवाट चालिस मिनेट शिक्षकले आफ्नो कुरा मात्र राख्छ भने त्यो एक मृत कक्षाको संज्ञा हो ।

समय अनुकुल शिक्षकले आफ्नो शिक्षण विधिलाई परिवर्तन गर्न सिपको विकास हुनुपर्छ । अहिलेको समय भनेको २१ औं शताब्दी हो। यो समयलाई विद्यार्थीहरुलाई प्रविधिसँग टाढा राख्नु हुदैन । तर विडम्बनाको कुरा के हो भने कतिपय ठाँउमा अभिभावकलाई शिक्षकले विद्यार्थीलाई मोबाइल कम्प्यूटर छुन दिनुहुन्न भनेर पठाइन्छ । यस्तो खालको सोचाइलाई पक्कै पनि ढुङ्गे युगलाई इंगित गर्दछ ।

फराकिलो सोचाइ राखी भुगोल अनुकुल स्रोत र साधनको उपयोग गरि शिक्षकले आफ्नो शैक्षिक गतिविधिलाई लैजान सकेमा विद्यार्थीको ज्ञानदेखि ब्यवहार सम्ममा अवश्यनै परिवर्तन आउछ । विद्यार्थीलाई शिक्षकको भूमिका दिएमा उसमा नेतृत्व गर्ने कलाको विकास हुन्छ। र यसैगरी शिक्षकले विद्यार्थी केन्द्रित शिक्षण विधि अगाल्दा बच्चाको चौतर्फी विकास अवश्यनै हुन्छ। शिक्षकले समयलाइ ख्याल राखी शिक्षण विधिलाई अपनाएमा जस्तोसुकै विद्यार्थीले सफलता हासिल गर्दछ। कुनै पनि विद्यार्थी कमजोर हुदैना तर घरको वातावरण र शिक्षकले शिक्षण गर्दा प्रयोग गरेको शिक्षण विधिका कारण बच्चा कमजोर हुन्छ। यसमा दुवै पक्ष सर्तक हुनुपर्छ।

बच्चालाई विद्यालयमा शिक्षकले प्रश्नपत्र आफैले निर्माण गर्न लगाउने र त्यसै लाई कक्षापरीक्षा लिएमा बच्चाको भित्री दिमाग बल्ल सक्रिय हुन्छ । शिक्षकले बच्चालाई किताबी ज्ञान मात्र दिएमा बच्चा लगाव लगाएको घोडा जस्तो हुन्छ । तर त्येहि बच्चालाई



पढाइप्रति कसरी ध्यान दिने भन्ने कुरामा उत्प्रेरणा दिएमा उसले विभिन्न स्रोतको माध्ययमद्वारा आफ्नो पढाई सम्बन्धि समस्याको समाधान आफै खोजी अघि बढ्छ। यसरी बच्चालाई घरमा भएको प्रबिधिलाई कसरी आफ्नो पढाई सम्बन्धिको समस्यालाई समाधानका बिभिन्न उपाएहरु सिकाएमा बच्चा प्रबिधिमय हुनेछ र अन्य ज्ञानको खोजि आफै गर्नेछ ।

अन्तमा सरकारी तथा निजि विद्यालयमा शिक्षा गुणस्तर उकास्न शिक्षण बिधि र शैक्षिक सामाग्रीको सही प्रयोग हुनुपर्छ । विद्यार्थी केन्द्रित शिक्षालाई बढी ध्यानमा राखेमा बच्चाले निर्धक्क भएर आफ्नो काम गर्नेछ। र हरेक ठाउँमा विद्यार्थी आफैले नेतृत्व गर्न सक्छ। यसरी शिक्षा जस्तो महत्वपूर्ण कुरामा कमजोरीपन भएमा अन्य पुर्वाधारमा पनि ठूलो क्षेति पुऱ्याउनेछ।

लेखकः शिक्षक लिटिल स्टेप मा. बि

# प्रदेश खेलकुद परिषद गण्डकीद्वारा जिल्ला खेलकुदका कर्मचारीसंग छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार

प्रदेश खेलकुद परिषद गण्डकीले जिल्ला खेलकुदका कर्मचारीहरु संग छलफल गरेको छ।

परिषदको सचिवालयमा शुक्रबार भएको उक्त छलफलमा आगामी दिनमा जिल्लाहरुमा खेलकुदको गति तिव्र बनाउने संगै कर्मचारीहरुको व्यवस्थापनमा विषयमा छलफल केन्द्रित गरिएको परिषदका सदस्य सचिव श्रीधर शर्माले जनाएका हुनू ।

यहि असार १ गतेबाट राष्ट्रिय खेलकुद परिषद ९राखेप०मा कार्यरत कर्मचारीहरु परिषद समायोजन भए संगै परिषदले आगामी दिनका योजना अघि सार्न पहिलो पटक उक्त छलफल गरिएको सदस्य सचिव शर्माले जनाए । साथै जिल्लामा आवश्यकता अनुसार



कर्मचारीहरुको व्यवस्थापन गर्ने तथा राखेपबाट समायोजन भएर आएका प्रशिक्षक र कर्मचारीहरुलाई परिषदले आफ्नो मातहतमा राखेर काम काज लाई अझै चुस्त बनाउने विषयमा छलफल केन्द्रित गरिएको उनको भनाई थियो । खेलकुद अब संघियताको मर्म अनुसार अघि बढ्नेमा आफू विश्वस्त रहेको बताउँदै कर्मचारीहरुको व्यवस्थापनले जिल्लाहरुमा खेलकुदका कार्यक्रम अघि बढाउन समेत धैरै सहजता हुने उनले उल्लेख गरे । उनले भने-"हामी प्रदेशको खेलकुद गतिलाई अझै तिव्र बनाउन चाहेका छौं," सदस्य सचिव शर्माले भने-"कर्मचारीहरु परिषद मातहात आएका छन् अब योजनावद्ध रुपमा हामी अघि बढ्छौं।" बैठकमा जिल्ला खेलकुद विकास समितिका अध्यक्षहरु, कार्यालय प्रमुखहरु लगायतको सहभागिता रहेको थियो।

# एनप्याक्सनको वादविवाद प्रतियोगितामा कास्की मोडनाइज्ड प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार

एन प्याक्सन कास्कीले आयोजना गरेको अन्तरविद्यालय स्तरीय वादविवाद प्रतियोगितामा कास्की मोडनाइज्ड एकेडेमीका अनिल महत प्रथम भएका छन् ।

प्रतियोगितामा अक्सफोर्ड सेकेण्डरीका गौरभ आचार्य र त्रिवेणी पब्लिक स्कूलकी निष्मा गुरुङ द्धितीय, रत्नज्योति सेकेण्डरी स्कूलकी श्रिया गिरी तृतीय तथा अञ्जली आवासिय विद्यालयका प्रमिश अधिकारी र ज्ञानज्योति विद्याकुञ्जकी जेशिका गुरुङ सान्त्वना भए ।



विजयी विद्यार्थीलाई एन प्याक्सनका केन्द्रीय उपाध्यक्ष यम खड्का, एन प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारी, कार्यक्रम संयोजक प्रेमराज अधिकारी, सदस्य रमेशराज पौडेलले ट्रफी प्रमाण पत्र प्रदान गरेका थिए। प्रतियोगिताको निर्णायकमा शशिधर वराल, मदन वराल र भुमिराज पण्डित रहेका थिए । एन प्याक्सनमा आवद्ध विद्यालय वीच भएको उक्त प्रतियोगितामा ३१ विद्यालयको सहभागिता रहेको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि जिल्ला शिक्षा समन्वय इकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले विद्यार्थीका अन्तरनिहित प्रतिभा उजागर गर्न यस्ता कार्यक्रमहरु कोषेढुङ्गा सावित हुने बताए । एन प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा सचिव मनकाजी गुरुङ, सहकोषाध्यक्ष तथा सहक्रियाकलप प्रमुख राजु केसी, सदस्य तोलाकन्त न्यौपानेले बोलेका थिए।

# अर्नाकोटमा फल्यो एकै वर्षमा स्याउ

**-डम्मर बुढामगर**
बागलुङ, १५ असार

बागलुङको निसीखोला गाउँपालिका-२ अर्नाकोटका दुर्गाबहादुर ओलीले अघिल्लो वर्ष पोखराबाट इटिलियन गाला फुजी जातको २२ वटा स्याउका बिरुवा लिएर लगाउनुभयो ।

परीक्षणका रुपमा लगाएको स्याउले एकै वर्षमा फल दिन थालेपछि ओलीले यस वर्ष थप २७ वटा बिरुवा लगाउनुभएको छ । सुरुमा लगाएका २२ बिरुवामध्ये दुईवटा मरे अहिले २० वटा बोटमा स्याउ फलेका छन् । स्याउले सानै बोटमा फल दिन थालेपछि गाउँका अन्य कृषक पनि हर्षित भएका छन् । दुर्गाबहादुरले स्याउका बिरुवा लगाएपछि अर्नाकोटका अन्य १२ कृषकले पनि बिरुवा लिएर लगाए ।

बिरुवा सप्रिँदै गएपछि धेरैको ध्यान स्याउ लगाउनेतर्फ जान थालेको छ । वर्षौंदेखि गाईभैंसी र खेतीकिसानी गर्दै आउनुभएका ओलीले अहिले गाउँका अन्य स्थानीयलाई पनि स्याउ लगाउनुपर्छ भन्ने योजनामा पुर्‍याउनुभएको छ । हाल उहाँको बगानमा २७ नयाँ बिरुवा र २० पोहोर साल लगाएका गरी ४७ स्याउका बोट छन् । दुई हजारदेखि तीन हजार मिटरसम्मको उचाइमा गाला फुजी जातको स्याउ राम्रो उत्पादन हुन्छ भन्ने पत्रिकामा पढेको भरमा ओलीले परीक्षणका लागि स्याउ लगाउनुभएको हो । अर्नाकोट करिब दुई हजार दुई सय मिटरको उचाइमा पर्छ । ओलीले कृषि निर्देशनालय गण्डकी प्रदेशबाट ७५ प्रतिशत अनुदानमा बिरुवा लिएर खेती सुरुआत गर्नुभएको हो । बागलुङमा अहिलेसम्म ढोरपाटन र निसेलढोरमा मात्रै व्यावसायिकरूपमा स्याउ उत्पादन हुने गरेको छ । निसीखोला,ताराखोलालगायतका केही ठाउँमा स्याउ लगाए पनि राम्रो उत्पादन हुनसकेको छैन । अर्नाकोटमा परीक्षणका लागि लगाएका बिरुवाले फल दिन थालेपछि धेरै स्थानीय आकर्षित हुन थालेको दुर्गाबहादुर बताउनुहुन्छ। उहाँले अर्नाकोटमा सिँचाइको निकै ठूलो समस्या रहेको भन्दै यसको व्यवस्थापन हुनसके राम्रो स्याउ उत्पादन गर्न सक्ने बताउनुभयो ।

"यहाँ यति राम्रो स्याउ होला भन्ने मैले सोचेको थिइनँ, यो ठाउँमा के-कस्तो हुन्छ एकपटक विचार गरौं न भन्ने हिसाबले बिरुवा लिएर लगाएको, पोहोर जेठमा लगाएको अहिले नै फल दियो, यसले हामीलाई धेरै हर्षित बनाएको छ", ओलीले भन्नुभयो, "सिँचाइको समस्याले गर्दा बिरुवा बचाउन निकै हम्मे भयो, खानेपानीको हाहाकार भएको ठाउँमा स्याउ लगायौं, त्यही पनि बिरुवा बचाउन सफल भयौं, सरकारले यहाँ सिँचाइको राम्रो व्यवस्था मिलाइदिने हो भने व्यावसायिकरूपमा धेरै स्याउ उत्पादन गर्न सकिने थियो ।"

स्थानीय चेतबहादुर कुँवरले पनि अघिल्लो वर्ष २७ वटा बिरुवा लगाउनुभएको थियो । अहिले सबैले फल दिएको उहाँले बताउनुभयो । कुँवरले लगाएकै सालमा फूल फुल्ने र अर्को सालदेखि फल दिने भनिए पनि सुरुकै वर्षमा फल दिन थालेको बताउनुभयो । स्याउका पोथीभन्दा भाले जातका बिरुवा जोगाउन समस्या भएको भन्दै अहिले समाधान हुँदै गएको उहाँ बताउनुहुन्छ। गाउँमा अहिलेसम्म कसैले पनि स्याउ लगाउने सोच नबनाएको सुनाउँदै अहिले धेरैले बिरुवा खोज्न थालेको कुँवरले बताउनुभयो । कुँवर भन्नुहुन्छ, "यहाँ यसरी स्याउ फल्ला भन्ने पत्याएका थिएनौं, तर अहिले चकित पार्ने गरी मसिनै बोटमा फल्यो, यसले हामीलाई हर्षित बनाएको छ, वर्षौंदेखि खानेपानी अभावमा गुज्रिएका हामीहरूलाई स्याउ उत्पादन हुने लक्षण देखिएपछि नयाँ आशा पलाएको छ, यहाँको मुख्य समस्या पानी हो, उत्पादनका हिसाबले यहाँ स्याउलगायत धेरै फलफूल तथा तरकारी फलाउन सकिन्छ ।" निसीखोला गाउँपालिकाका कृषि शाखा प्रमुख तारा परियारले स्याउ फल्न थालेपछि कृषकलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग गाउँपालिकाले गरिरहेको बताउनुभयो । अहिले यहाँका कृषकले तीन रोपनीमा एक सय ५० बिरुवा लगाएकामा अधिकांशले फल दिन सुरु गरेको बताउनुभयो । परीक्षण सफल हुँदै गएको भन्दै अब अन्य कृषकले पनि स्याउखेती गर्न चाहेमा गाउँपालिकाले सहयोग गर्ने उहाँको भनाइ छ ।

"फुजी जातको स्याउ यहाँको हावापानी, वातावरण र 'हाइट'का लागि एकदम राम्रो हुन्छ, कृषकले पनि हावापानी सुहाउँदो स्याउको जात छनोट गर्नुभयो, अहिले नै राम्रो फल देखिएको छ, यसको परीक्षण सफल हुन्छ भन्नेमा हामी ढुक्क छौं", परियारले भन्नुभयो, "त्यहीअनुसार स्याउ राम्रो हुँदै गयो भने भविष्यमा यो ठाउँ स्याउ उत्पादनका लागि प्रख्यात हुने देखिन्छ ।" निसीखोला गाउँपालिका-५ मा पर्ने निसेलढोरमा वर्षौं अगाडिदेखि नै व्यावसायिक स्याउ उत्पादन हुँदै आएको थियो ।

अहिले गाउँपालिकाले निसेलढोरसँगै वडा नं ६ का उच्च क्षेत्रमा पनि स्याउ लगाउन थालिएको छ । चालु आर्थिक वर्षमा भौगोलिक बनावट, हावापानी र स्थानीयको मागअनुसार वडा नं ५ र ६ मा चार सय ५० स्याउका बिरुवा लगाइएको छ। गाउँपालिकाले चालु आवमा विनियोजन गरेको रु सात लाखबाट स्याउखेती विस्तार गर्न थालिएको हो । यस वर्ष निसेलढोरबाहेक जाउलेपानी, मापुक, चोरबास र कोस्काँ क्षेत्रमा स्याउ लगाउन थालेको गाउँपालिकाले जनाएको छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# मनकामना मन्दिरको धर्मशालामा तालाबन्दी

**पोखरापत्र संवाददाता**
गोरखा, १५ असार

गोरखाको प्रसिद्ध धार्मिकस्थल मनकामना मन्दिरमा परिसरमा रहेको धर्मशालामा स्थानीयवासीले तालाबन्दी गरेका छन् ।

गुठी संस्थानलाई धर्मशाला व्यापारिक प्रयोजनका लागि भाडामा नलगाउन गरेको आग्रहलाई बेवास्ता गरेको जनाउदै बुधबारदेखि धर्मशालाको भवनमा तालाबन्दी गरिएको स्थानीयवासी मनोज जोशीले जानकारी दिनुभयो । "योगी, तपस्वी, गरिब, असहाय तीर्थालु भक्तजन बस्नका लागि बनाइएको धर्मशालालाई गुठी संस्थानले गएको ४० वर्षदेखि व्यापारिक प्रयोजनका भाडा लगाएर कमाउने काम मात्र गर्दै आएको छ", उहाँले भन्नुभयो, "मनकामनावासीले यस पटक पुनः संस्थानले भाडामा लगाउन बोलपत्र आह्वान गरेपछि बोलपत्र रद्द गर्न आग्रह गरेको भए पनि संस्थानबाट कुनै सुनुवाइ नभएपछि धर्मशालाको भवनमा ताला लगाएका हौं ।" धर्मशालामा व्यवसाय सञ्चालन गर्नुभन्दा सस्तो दररेटमा मन्दिरमा आउने भक्तजनलाई बास बस्नका लागि सेवा सुविधा दिने गरी धर्मशालाकै रूपमा सञ्चालनमा ल्याउनुपर्ने स्थानीयवासीको माग छ । स्थानीयवासीसहित श्री मनकामना माई गुठीका गुठियारले असार २ गते संस्थानलाई धर्मशाला भाडामा नलगाउन र बोलपत्र रद्द गर्न भन्दै ज्ञापनपत्रसमेत बुझाएको थियो । विसं २०७२ वैशाख १२ गतेको गोरखा भूकम्पले क्षति पुगेको धर्मशाला मर्मत गर्नुपर्ने अवस्था भए पनि संस्थानले त्यसतर्फ भने चासो नदिएको स्थानीयवासीको गुनासो छ । मनकामना क्षेत्र विकास समितिले पनि मन्दिरको गुरु योजनामा नै धर्मशालामा भक्तजनलाई सुलभ मूल्यमा बसोबासका लागि व्यवस्था मिलाउने योजना प्रस्ताव गरेको थियो । गुरुयोजनाअनुसार धर्मशाला पछाडि रहेको स्थानलाई समेत समेटेर वनभोजस्थलको रूपमा विकास गर्ने लक्ष्य मनकामना क्षेत्र विकास समितिले राखेको छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं ०८ स्थित ज्ञानकुञ्ज मार्ग स्थित ब्राह्मण समाज नेपाल, कास्कीको कार्यालय भवन निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : ब्राह्मण समाज नेपालको कार्यालय भवन
ठेगानाः पोखरा-८, कास्की
योजना सम्झौता मिति : २०८०/०१/१९ गते
योजना सुरु मिति : २०८०/०१/२० गते
योजना सम्पन्न मिति : २०८०/०३/१५ गते
योजनाको कुल लागत : रु. ११,७६,६८५.३५/-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,०००/-
उपभोक्ता समितिका अध्यक्षः रामप्रसाद बास्ताकोटी, उपाध्यक्षः डिल्लीरमण बास्तोला, सचिवः नन्द प्रसाद बराल, कोषाध्यक्षः विष्णु सुवेदी, सदस्यहरुः डिल्लीराम बाँस्तोला, सरोज नारायण बाराल अनुगमन समिति अध्यक्षः नारायण प्रसाद अधिकारी सदस्यहरुः महेश पराजुली, पृथ्वी पौडेल, श्यामप्रसाद रेग्मी

**ब्राह्मण समाज नेपाल कास्की उपभोक्ता समिति**
**पोखरा- ८, कास्की**

# जन्मथलो विकासमा प्रधानमन्त्री दाहालको चासो

पोखरापत्र संवाददाता
पोखरा, १५ असार

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' आज दिउँसो जन्मथलो कास्कीको अन्नपूर्ण गाउँपालिकाको लेवाडे पुगुभयो । अन्तर प्रदेश मुख्यमन्त्री बैठक एवं राष्ट्रिय समन्वय परिषद् को बैठकका लागि शुक्रबार बिहान मात्र पोखरा आइपुग्नुभएका उहाँ बैठक उद्घाटन सम्पन्न भएलगत्तै जन्म गाउँ पुगुभएको हो ।



दाहाल तेस्रोपटक प्रधानमन्त्री भएपछि पहिलोपटक जन्म गाउँमा पाइला टेक्नुभएको थियो । उहाँ सकभर पोखरा आउँदा जन्म गाउँ लेवाडे पुगेर दाजुभाइ तथा स्थानीयवासीसँग अन्तरक्रिया गर्न छुटाउनु हुँदैन । प्रधानमन्त्रीलाई आफ्नो गाउँमा पाएपछि लेवाडेवासी उत्साहित थिए । प्रधानमन्त्री दाहालले लेवाडेलगायत आसपासका क्षेत्रको विकासका बारेमा चासो राख्नुभएको थियो ।

स्थानीय जनप्रतिनिधि तथा गाउँलेसँग उहाँले आफूले प्राराम्भिक शिक्षा लिएको महेन्द्र आधार भूत विद्यालयलगायत गाउँको विकासमा बारेमा चासो दिनुभएको अन्नपूर्ण गाउँपालिका-२ का वडाध्यक्ष पितम्बर भण्डारीले बताउनुभयो । उहाँका अनुसार प्रधानमन्त्रीलाई आफ्नो गाउँमा पाउँदा स्थानीयवासीसमेत उत्साहित थिए । वडाध्यक्ष भण्डारीका अनुसार प्रधानमन्त्रीले गाउँको शिक्षा, स्वास्थ्य, बाटोघाटो तथा विकासका बारेमा कुराकानी गर्नुभएको थियो। अध्यक्ष भण्डारीले भन्नुभयो, "प्रधानमन्त्रीलाई पाउँदा हामी अत्यन्त खुशी भयौँ । उहाँले पनि मसिनो गरी यहाँको विकासका बारेमा चासो दिनुभयो। हामीले यहाँको अवस्थाका बारेमा उहाँलाई जानकारी गरायौँ । केही योजनामा सहयोग गर्न आग्रह गर्दा उहाँले आफ्नोतर्फबाट सहयोगको प्रतिबद्धता व्यक्त गर्नुभयो ।"

स्थानीय जनतासँगको अन्तरक्रियामा प्रधानमन्त्री दाहालले गाउँको अवस्था, खेतीबाली, मौसमलगायतका विषयमा जिज्ञासा राख्नुभएको थियो । वडाध्यक्ष भण्डारीले प्रधानमन्त्रीसँग विशेषगरी अन्नपूर्ण गाउँपालिकाको नागडाँडाबाट पामे हुँदै पोखरा जोड्ने सडक स्तरोन्नतिका लागि माग गरेको बताउनुभयो । वडाध्यक्ष भण्डारीले कास्कीको विकासमा प्रधानमन्त्रीले गर्नुभएको योगदानको प्रशांसा गर्दै आगामी दिनमा समेत यस क्षेत्रको विकासलाई प्राथमिकता दिन आग्रह गर्नुभएको थियो । सो अवसरमा प्रधानमन्त्री दाहालले अन्नपूर्ण-२ का साथै हेम्जाका स्थानीयसमेतसँग अन्तरक्रिया गर्नुभएको थियो । अन्तरक्रियामा प्रधानमन्त्रीले स्थानीय अवस्था र जनताका अनुभूतिबारे विशेष चासो राख्नुभएको थियो ।

# कास्की कारागारमा मनायो रोट्याक्ट फिस्टेलले स्थापना दिवस

पोखरापत्र संवाददाता
पोखरा, १५ असार

विश्वकै पहिलो महिलामात्रै सदस्य रहेको रोट्याक्ट क्लब अफ पोखरा फिस्टेल २००७ जुन २९ मा स्थापना भएको क्लबले आफ्नो १७ औं स्थापना दिवस को अवसर पारेर कास्की कारागारमा रहेका ५० बढी महिला कैदीबन्दीहरुलाइ स्यानिटरी प्याड हस्तान्तरण गरेको छ ।



आफ्नो कार्यकालको अन्तिम कार्यक्रमको रुपमा रोटा वर्ष २२/२३ कि अध्यक्ष डिम्पल क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रममा क्षेत्रीले आफूहरु पनि सबै महिलामात्रै रहेको र बिशेषतः स्वास्थ्य क्षेत्रमा रहेको महिलाहरु रहेकाले महिलाहरु जुन जस्तो ठाउँमा भएपनि स्वास्थ्य महत्वपूर्ण कुरा रहेकाले आफूहरुले सचेतना साथसाथै स्यानिटरी प्याड र टिसर्ट हस्तान्तरण गरेको बताइन् । कार्यक्रममा कारागार प्रमुख भिमराज घिमिरे, सई सुशिल घिमिरे ,नाइके साथै क्लबका सदस्यहरु कुनै उपस्थिति रहेको थियो। कारागार प्रमुख भिमराज घिमिरेले एउटा महिलामैत्री क्लबले जेलभित्र रहनुभएका दिदीबहिनीहरुको समस्या बुझेर गर्नुभएको सहयोग सह्रानीय रहेको बताए। उक्त कार्यक्रम पश्चात क्लबले आफ्नो ९ संस्थापक सदस्यहरु मध्य उपस्थित बिमला भण्डारी, बिष्णु सुवेदी र रोशनी शर्मालाई सम्मान गर्दै सम्मान ग्रहण पछी बिमला भण्डारीले आफूहरुले स्थापना गरेको क्लब १७ औं वर्षमा प्रवेश गरेको र समाजमा अतुलनीय योगदान गरेकोमा आफूहरुलाई गर्व महसुस भएको बताइन्। रोटरी क्लब पोखरा पोखरा फिस्टेलका अध्यक्ष, आगामी वर्षका अध्यक्ष ,सस्थापक सदस्यहरु अन्य रोट्याक्ट क्लबका अध्यक्षहरु, क्लबका कार्यसमिति सदस्य, सदस्यहरुको उपस्थितिमा शुभकामना आदनप्रदान कार्यक्रम पनि सम्पन्न भयो । कार्यक्रम संयोजक एलिसा आचार्यको संयोजकत्वमा भएको कार्यक्रममा , अध्यक्ष डिम्पल क्षेत्रीले आफ्नो कार्यकालको अन्तिम समयमा बिहान कारागारमा स्यानिटरी प्याड हस्तान्तरण गर्दै स्थापना दिवसको शुभकामना आदान-प्रदान कार्यक्रम आयोजना गर्न पाएकोमा उपस्थित सम्पुर्णलाई धन्यवाद व्यक्त गर्दै आफ्नो कार्यकाल सफल बनाउन सहयोग गर्नुहुने संस्थापक अध्यक्ष ,सम्पूर्ण संस्थापक सदस्य ज्यूहरु , पुर्व अध्यक्ष ज्यूहरु रोटेरियन ज्यूहरु, डि.आर.आर, जेड्.आर.आर., बोर्डका कार्यसमिति सदस्य ,साधारण सदस्य लगायत आफ्नो कार्यकालमा सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी हातहरुलाई धन्यवाद दिँदै आगामी अध्यक्ष लगायतको टिम लाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै कार्यक्रम समापन गरिन् ।

# गण्डकी प्रदेशस्तरिय महिला भलिबलमा क्वाटरफाइनलको समीकरण पुरा

पोखरापत्र संवाददाता
पोखरा, १५ असार

गण्डकी प्रदेशस्तरिय महिला भलिबल २०८० मा क्वाटरफाइनलको समिकरण पुरा भएको छ ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा प्रदेश भलिबल संघ गण्डकीको व्यवस्थापनमा पोखरा रंगशालामा जारी प्रतियोगिताको दोस्रो दिन क्वाटरफाइनलको समिकरण पुरा भएको हो । जारी प्रतियोगिताबाट स्याङजा, पर्वत, म्याग्दी र बागलुङ सेमीफाइनलमा प्रवेश गरेको प्रदेश भलिबल संघका उपाध्यक्ष हरि श्रेष्ठले जानकारी दिएका छन् ।



सम्पन्न खेलमा म्याग्दीले मनाङलाई २५-२, २५-१८ को सोभो सेटमा पाखा लगाउँदै सेमीफाइलको यात्रा तय गरेको छ । उपाधि नजिक पुग म्याग्दीले बागलुङको सामना गर्ने भएको छ । यता बागलुङले गोर्खालाई २५-१७, २५-२२ ले पराजित गर्दै म्याग्दी संग अन्तिम चारमा भेट पक्का गरेको रेफ्रि टुक बहादुर गुरुङले बताए । यस्तै स्याङजाले कास्कीलाई र पर्वतले तनहुँलाई पराजित गर्न सफल भए । स्याङजाले २५-२१, २५-१९ ले कास्कीलाई पराजित गर्दै तथा पर्वतले तनहुँ माथी २५-१२, २५-१३ ले जित दर्ता गर्दै सेमीफाइनलको यात्रा तय गरेका छन् । प्रतियोगितामा उपाधि बिजेता टिमलाई नगद १ लाख, उपविजेतालाई नगद ७० हजार र तृतिय हुनेलाई नगद ४० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिने छ । यसै गरी उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर र उत्कृष्ट सेटरलाई जनही नगद ५-५ हजारका साथमा ट्रफी तथा प्रमाणपत्र दिइने छ । प्रतियोगितामा ११ वटै जिल्लाका टिमहरुको सहभागिता रहेको छ ।

# आलमदेवी मन्दिर महिलाका लागि खुला

पोखरापत्र संवाददाता
गल्याङ, १५ असार

शाह वंशको कूल मन्दिरका रूपमा परिचित 'आलमदेवी'मा कुनै समय महिलालाई प्रवेश निषेध थियो । महिलालाई मन्दिर प्रवेशमा रोक लगाउन एउटा व्यक्ति नै खटाइएका हुन्थे । हिजोआज भने मन्दिर महिलाका लागि समेत खुला गरिएको छ ।

स्याङ्जाको कालीगण्डकी गाउँपालिका-३ स्थित आलमदेवी मन्दिर शाह वंशको कूलदेवता र कूल मन्दिरका रूपमा चर्चित छ । आलमदेवी मन्दिर १३५० सालमा स्थापना भएको हो । यो मन्दिरको शक्तिपीठमध्ये बेग्लै पहिचान र धार्मिक विशेषता छ । मन्दिरमा ठकुरी महिलालाई प्रवेश खुला गरिएको थियो । उनीहरूलाई मन्दिरभित्र पसेर पूजा, दर्शन तथा भेटी चढाउन छुट थियो । तर ठकुरीबाहेकका महिलालाई मन्दिर प्रवेशमा निषेध गरिएको थियो । मन्दिर प्रवेश गर्न रोक लगाइएका कारण अन्य महिला बाहिरबाटै दर्शन एवं पूजा गर्दै आएका थिए । उनीहरूले ल्याएको भेटी मन्दिरका पुजारीलाई अथवा आफूसँग आएका पुरुषलाई भित्र चढाउन दिने चलन थियो ।

आलमदेवी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष प्रित थापाले पहिला-पहिला एक जना राखेर ठकुरीबाहेकका महिलालाई मन्दिर प्रवेशमा रोक लगाउने गरिएको बताउनुभयो । "हिजोआज सबै महिलाका लागि मन्दिर खुला गरिएको छ", उहाँले भन्नुभयो, "ठकुरीबाहेकका महिला मन्दिरमा प्रवेश गर्दा अनिष्ट हुन्छ भन्ने सुनिन्थ्यो, हिजोआज बाहिरबाट आएका महिला सहजै भित्र पस्छन्, पहिलाको चलनबारे थाहा पाएका महिला अझै पनि मन्दिर छिर्दैनन् ।" अध्यक्ष थापाका अनुसार मन्दिरको सुरुआतदेखि नै चुडाकर्म गरेका रानामगर पुजारी छन् । यहाँ दशैँको नवमीका दिन डेढ घन्टा लामो यज्ञ र नवदुर्गाका विशेष पूजासहित सरकारी पञ्चबलि चढाउने चलन छ । "आलमदेवीमा राँगो, बाख्राको पाठो, कुखुरा, परेवा र भेडालाई बलि चढाइन्छ, भेडा नभए कुभिण्डो प्रयोग गरिन्छ", उहाँले भन्नुभयो । कालीगण्डकी गाउँपालिका अध्यक्ष खिमबहादुर थापाले शाह वंशीय राजाले छाडिदिएको राँगोलाई स्थानीयले बलि चढाउने इतिहास रहेको बताउनुभयो । "पछिल्लो समय राँगो छाड्ने परम्परा हटेको छ", उहाँले भन्नुभयो, "गुठी संस्थानको रु ८४ हजार बजेटमार्फत मन्दिरको व्यवस्थापन हुँदै आएको छ ।" आलमदेवी मन्दिरमा तीन सय ६५ दिन नै पूजा हुने गरेको छ । यहाँ एकादशी, औँसी, साउन १ गतेदेखि नागपञ्चमी र सोह्रश्राद्धमा बाहेकका दिन बलि चढाउने गरिएको छ ।

# रोटरी क्लब अफ गण्डकीको नेतृत्वमा किसान

पोखरापत्र संवाददाता
पोखरा, १५ असार

'रोटरी क्लब अफ गण्डकी' को अध्यक्षमा युवा व्यवसायी किसान सुनार चयन भएका छन् ।

रोटरी क्लब अफ बुटवल चौतारीको प्रायोजनमा अध्यक्ष भएका सुनार नेतृत्वको क्लबमा ४४ जना चार्टर सदस्य छन् । चार्टर प्रेसिडेण्ट भएका उनलाई रोटरी डिस्ट्रिक गर्भनर २०२२-२३ का जीतेन्द्रबहादुर राजभण्डारीले पिन प्रदानसँगै सपथ खुवाए । 'रोटरी गण्डकीको नेतृत्वमा नयाँ जुजारु टिम आएको छ, रोटरी




जहिलेपनि समाजसेवाको भावनामा क्रियाशिल हुनुपर्छ', रोटरी गर्भनर राजभण्डारीले भने, ' जहिले पनि सेवामा तत्परः स्वार्थमा भन्दा सेवामा लाग्नुपर्छ ।' रोटरी अभियान केःहो भनेर सबैलाई युवा देखि महिलाहरु सबैलाई बुझाउन आवश्यक रहेको रोटरी २०२२-२३ डिस्ट्रिक गर्भनर राजभण्डारीले बताए ।

'रोटरी अभियान काम धेरै गरौं कुरा कम गरौ, रोटरी अभियान केःहो भनेर सबैलाई बुझाउन आवश्यक छ', उनले भने, 'रोटरी अभियानमा युवायुवती देखि सबैलाई यसका बारेमा जानकारी गराउन आवश्यक छ ।' रोटरी क्लब अफ गण्डकीका अध्यक्ष किसान सुनारले क्लबले सामाजिक उत्तरदायित्वमा रहेर काम गर्ने बताए । 'रोटरी क्लब सामाजिक उत्तरदायित्वमा रहेर काम गर्दै आएको छ, मेरो कार्यकालमा पनि सामाजिक उत्तरदायित्वमा रहेर नै कायम गर्ने प्रतिवद्धता गरेको छु', अध्यक्ष सुनारले भने,'हामीले रोटरी केःहो सबैलाई बुझाउछौं, रोटरीले गर्दै आएको कामलाई निरन्तरतासँगै नयाँ कार्यक्रमलाई जोडेर लैजान्छौं ।' उनले प्रदेशको स्वास्थ्य क्षेत्रदेखि लागूऔषध विरुद्धको अभियान कार्यक्रमलाई जोडेर जाने बताए ।

'क्लबले प्रदेश भित्र स्वास्थ्य क्षेत्रका कार्यक्रम, वृक्षारोपण कार्यक्रमलाई अगाडि बढाउनेछौं' उनले भने, 'पोखरामा लागूऔषध प्रयोगकर्ताको बढ्दै गएका छन् यसलाई कम गर्न लागूऔषध विरुद्ध सचेतना कार्यक्रम आयोजना गर्नेछौं ।' अध्यक्ष सुनारले ग्रामीण क्षेत्रको आर्थिक विकासका लागि स्थानीय उत्पादन र प्रवर्द्धनमा सहयोग गने बताए ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं ७ स्थित पर्यटक बसपार्क सौन्दर्यकरण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नाम: पर्यटक बसपार्क सौन्दर्यकरण पोखरा-७
योजना सम्झौता मिति : २०८०/०२/१४ गते
योजना सुरु मिति : २०८०/०२/१५ गते
योजना सम्पन्न भएको मितिः २०८०/०३/१४ गते
योजनाको कुल लागत : रु १८,७५,०००/-
नेपाल पर्यटन बोर्ड : रु १५,००,०००/-
महानगरपालिकाबाट : रु ३,७५,०००/-
उपभोक्ता समिति अध्यक्ष : नवराज भण्डारी, उपाध्यक्ष : सुभाष पहारी, सचीव : गिता केसी, कोषाध्यक्ष : बिष्णु माया बाँनिया मगर सदस्यहरु : माधब लम्साल, संगिता पौडेल, भिम बहादुर खड्का, राजेन्द्र लामा, रेशम सुवेदी, पदम राज आचार्य, बिष्णु प्रसाद अधिकारी, नारायण प्रसाद आचार्य र प्राशान्त आचार्य
अनुगमन समितिः संयोजकः हरिराम अधिकारी, सदस्यहरु संगीता पौडेल र माधब आचार्य

**पर्यटक बसपार्क सौन्दर्यकरण उपभोक्ता समिति पोखरा- ७, कास्की**

# पप्पु कन्ट्रक्सनका कर्मचारी पक्राउ

रासस
काठमाडौँ, १५ असार

नेपाल प्रहरीले आज काठमाडौँको बानेश्वरबाट पप्पु कन्स्ट्रक्सनका एक कर्मचारीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा उक्त कन्स्ट्रक्सनका सञ्चालक रहेका हरिनारायण रौनियार रहेको प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ । नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले बाँकेमा परेको ठगी मुद्दामा पक्राउ पुर्जी जारी भएकाले बानेश्वर प्रहरी वृत्तले उनलाई पक्राउ गरिएको बताउनुभयो ।

नेपालगञ्ज प्रहरीको अनुरोधमा पक्राउ गरिएको र उनलाई नेपालगञ्ज नै पठाइने उहाँले जानकारी दिनुभयो ।

# अभिभावकविहीन बालबालिकालाई निःशुल्क शिक्षा

पोखरापत्र संवाददाता
तनहुँ, १५ असार

व्यास नगरपालिका-७ शेषमटारमा समता विद्यालय स्थापना गरी अभिभावकविहीन पैँतालिस बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गर्दै आएको छ ।

खान र बस्नसहितको शिक्षाका लागि नगरपालिकाले अभिभावकत्व ग्रहण गर्दै साहाराविहीन बालबालिकालाई साहारा दिएको हो । शिक्षाको उज्यालो घामबाट कुनै पनि बालबालिका वञ्चित हुन नपरोस् भनी नगरपालिकाले उक्त विद्यालय स्थापना गरी आवाससहितको शिक्षा प्रदान गरेको हो । नगरपालिकाले बस्ने, खाने, पढ्ने र सुत्नेसहितको सुविधा प्रदान गरेपछि बालबालिका खुसी छन् । बालबालिकालाई चाहिने कापी कमल, पोसाक, झोला, खाने तथा बस्ने सबै नगरपालिकाले व्यवस्था गरेको छ । विद्यार्थी अभावले गर्दा क्यामिन छापथोक प्राथमिक विद्यालय बन्द भएपछि नगरपालिकाले रु ४० लाख खर्चेर विद्यालयको मर्मतसम्भार गरी विसं २०७९ भदौ ५ गतेदेखि व्यास नगर समता विद्यालय सञ्चालनमा ल्याएको हो । साहाराविहीन भएका कतिपय बालबालिका सडकमा भौँतारिएर हिँड्ने गरेकाले पढ्ने, लेख्ने अधिकारबाट वञ्चित हुने तथा कुपोषण हुने गरेकाले व्यास नगर समता विद्यालय सञ्चालनमा ल्याइएको नगरपालिकाले जनाएको छ । कक्षा १ देखि ६ सम्म पढाइ भइरहेको विद्यालयका प्रधानाध्यापक अर्जुन सुनारले जानकारी दिनुभयो । हाल सो विद्यालयमा शिक्षक र कर्मचारी गरी १० जना छन् भने सबै कक्षामा अङ्ग्रेजी माध्यमबाट पठनपाठन हुने तथा हरेक शुक्रबार अतिरिक्त क्रियाकलाप गर्ने गरिएको छ । नगरपालिकाले अभिभावकविहीन बालबालिकाको संरक्षकत्व गरेकामा स्थानीय बासिन्दा खुसी भएका छन् । यस उदाहरणीय कार्यको अन्य पालिकालेसमेत सिको गर्नुपर्ने आवश्यक देखिएको छ। विद्यालय सञ्चालनमा आएपछि अनाथ, असहाय, विपन्न, सहिद, बेपत्ता, कोरोनाबाट मृत्यु भएका घरपरिवारका बालबालिकाले अध्ययन गर्न पाएका छन् । कक्षा ३ मा पढ्दै आएका साजन नेपालीले विद्यालयको मैत्रीपूर्ण वातावरणमा पठनपाठन हुँदा सिक्न र पढ्न सहज भएको बताउनुभयो । उक्त विद्यालयको भौतिक संरचना र शैक्षिक क्षेत्रको विकासका लागि नगरपालिकाले गत वर्ष रु एक करोड विनियोजन गरेको नगरपालिकाले जनाएको छ । विद्यालयको भवन, कम्पाउण्ड, गार्ड र केही शिक्षकको व्यवस्थापनका लागि उक्त लगानी गरिएको हो । वडा नं ७ का बाबुआमा नभएका भक्त दरै र बहिनी गायत्री दरै पढ्न पाएकामा निकै खुसी हुनुहुन्छ । अध्ययनबाट वञ्चित हुनुपरेका अभिभावकविहीन बालबालिकाले लगनशील भएर अध्ययन गरेको देख्दा खुसी लागेको व्यास-१० का वडाध्यक्ष खेमराज पोखरेलले बताउनुभयो । उक्त विद्यालयमा पढाउने समय तालिका छ, त्योभन्दाबाहेक उनीहरूलाई अनुशासित र लगनशील बनाउन गरिने क्रियाकलाप प्रभावकारी छ ।